# धरान उपमहानगरपालिका

## स्थानीय राजपत्र

खण्डः १ धरान उपमहानगरपालिकाद्वारा प्रकाशित संख्याः ९

मितिः २०७५।०८।२०

**भाग २**

**धरान उपमहानगरपालिका**

# "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५

आज्ञाले

विनोद कुमार पोखरेल

नि. प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावना

स्थानीय स्तरको विकास निर्माणमा निजीक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारिता, जवाफदेहिता, विश्वसनीयता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा स्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजीक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी धरान उपमहानगरपालिकाले यो कार्यविधि जारी गरेको छ।

**(१) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि वमोजिम इजाजतपत्र प्राप्त नगरी “घ” वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन।

**(२) नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ वमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस धरान उपमहानगरपालिकाको प्रमुख समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) वमोजिम पर्न आएका दरखास्तहरु अनुसूची-५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा तपसिल वमोजिमको समितिवाट जाँचबुझ गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।

**<u>समिति</u>**

| | |
|---|---|
| १. प्रमुख प्रशासकीय अधिकृत वा निजले ताकेको अधिकृत | - संयोजक |
| २. शहरी पूर्वाधार विकास महाशाखा | - सदस्य |
| ३. मेकानिकल इन्जिनियर | - सदस्य |
| ४. नगर प्रमुखले तोकेको इन्जिनियर | - सदस्य |
| ५. प्रशासन महाशाखा | - सदस्य सचिव |

(३) दफा (२) अनुसारको समितिले गरेको प्रतिवेदन र सिफारिस सहित प्रशासन महाशाखाले इजाजत पत्र प्रदान गर्ने निर्णयका लागि नगर प्रमुख समक्ष पेश गर्नु पर्नेछ। न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजत पत्रवापत अनुसूची-२ वमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ वमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ।

**(३) इजाजत पत्रको अवधि र नवीकरण** :

(१) दफा २ वमोजिम प्रदान गरिएको इजाजत पत्र दफा ४ वमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक आगामी आर्थिक वर्षको असोज मसान्तसम्म मात्र मान्य रहनेछ।

(२) उपदफा (१) वमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले प्रत्येक आर्थिक वर्षको आश्विन मसान्तभित्र प्रचलित कानून वमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरिसकेको प्रमाण स्वरुप सम्बन्धीत संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित धरान उपमहानगरपालिकावाट अनुसूची-२ वमोजिमको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ। इजाजत पत्र नवीकरण गर्न उपमहानगरपालिकामा

कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफूले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नवीकरण गर्न उपमहानगरपालिका वाध्य हुनेछैन ।

(३) उपदफा (२) वमोजिमको म्याद नाघेको १ बर्ष भित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण गर्ने माग गरेमा अनुसूची-२ वमोजिमको थप दस्तुर लिई इजाजतपत्र नवीकरण गरिनेछ । यसरी एक आर्थिक वर्षभित्र पनि नवीकरण नगराएमा बढीमा ३ वर्षसम्म मात्र नवीकरण फेल भएको प्रमाण पत्रको हकमा प्रतिवर्ष लाग्ने राजस्वको पच्चिस प्रतिशतका दरले थप हुँदै जाने गरी बिलम्व शुल्क (जरिवाना) लिई नविकरण गर्न सकिनेछ ।

**४) इजाजतपत्रको खारेजी :**

(१) देहायको अवस्थामा उपमहानगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुट्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्ठा विवरण पेश गरको सम्वन्धित निकायवाट लेखी आएमा,

(ग) सार्वजनिक निकायसँग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखी आएमा ।

२) उपदफा (१) वमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धीत निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) वमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र ३ वर्ष पछि स्वत: खारेज हुनेछ ।

(४) जिल्ला समन्वय समिति (सविक जिल्ला विकास समिति) बाट वितरण गरिएका घ वर्गका इजाजत पत्र आर्थिक वर्ष ०७५/०७६ भित्र १ पटकका लागि नवीकरण नभएको जति नै वर्ष भए पनि प्रत्येक वर्षको इजाजत दस्तुरको २५ प्रतिशतको दरले थप वृद्धि हुने गरी हुन आउने रकम विलम्व दस्तुर लिई नवीकरण गर्न सकिनेछ ।

(५) उपदफा (१) वा (३) वमोजिम इजाजतपत्र खारेज भएकोमा उपमहानगरपालिकाले त्यसको जानकारी सम्बन्धीत फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**५) इजाजतपत्रको प्रतिलिपि दिने व्यवस्था :**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूची-२ वमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

**६) नामसारी सम्बन्धी व्यवस्था :**

कुनै निर्माण व्यवसायीले आफूले प्राप्त गरेको प्रमाण पत्र अन्य कुनै व्यक्तिलाई नामसारी गर्नु परेमा अनुसूची २ मा तोकिए वमोजिमको दस्तुर बुझाई नामसारी गर्न सक्नेछ । यसरी नामसारी गर्नु पूर्व स्वामित्व ग्रहण गर्ने व्यक्तिले अनुसूची ५ वमोजिमको योग्यता पूरा गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

**७) प्रचलित कानून वमोजिम हुने :**

यस कार्यविधिमा लेखिए जति यसै वमोजिम र अन्यको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

**८) बचाउः**

यस अघि प्रचलित कानून वमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि वमोजिम दिइएको मानिनेछ ।

**अनूसूची-१**

कार्यविधिको बुँदा ४ को उपबुँदा १ सँग सम्बन्धित

इजाजतपत्रको लागि दिईने दरखास्त फारामको नमूना

**विषय : इजाजतपत्र पाउँ भन्ने बारे ।**

| दरखास्त वालाको फोटो |
|---|

श्री धरान उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

यस धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको कार्यविधि वमोजिम सार्वजनिक निर्माण कार्य गर्नेको लागि इजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको :-

नाम :-

ठेगाना :-

पोष्ट बक्स :- मोवाईल नम्बर :

टेलिफोन नं. फ्याक्स नं. :- ईमेल :-

२. फर्म वा कम्पनीको प्रकृति

| | |
|---|---|
| ☐ प्राईभेट लिमिटेड कम्पनी | ☐ प्राईभेट लिमिटेड कम्पनी |
| ☐ एक्लौटी | ☐ साझेदारी |

(कोष्ठमा रेजा लगाउनु पर्नेछ)

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको :-

नाम थर :- पोष्ट बक्स :- मोवाईल नम्बर :-

ठेगाना :-

टेलिफोन नं. फ्याक्स नं. :- ईमेल :-

४. फर्म वा कम्पनीको विवरण :-

दर्ता नं.:- दर्ता मिति :-

अधिकृत पूँजी :- जारी पूँजी :-

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

५. इजाजतपत्र लिन चाहेको वर्गः- (घ) वर्ग

६. समूहीकरण हुन चाहेको समूह :-

७. आर्थिक स्रोतको विवरण :-

| | रकम | वित्तीय संस्था/बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्धति खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिन्छ।

८. कामदारको विवरण :-

(क) प्राविधिक :-

(ख) अप्राविधिक :-

(ग) अन्य :-

प्राविधिक कर्मचारीको certificate को प्रतिलिपि तथा मन्जुरीनामा पेश गर्नु पर्ने छ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

दृष्टव्य: यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल इन्जिनियरद्धारा प्रमाणित भएको हुनु पर्नेछ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण:-

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयका नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात

क........................................................

ख. ....................................................

ग. ....................................................

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ। झुट्टा ठहरे कानून वमोजिम सहुँला बुझाउँला।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको :-

नाम :-

दस्तखत :-

मिति :-

दृष्टव्यः

यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धीत कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ र कार्यालयले मार्ग गरेको वखत सक्कल कागजात पेश गर्नु पर्नेछ।

## अनुसूची-२

### कार्यविधिको बुँदा ४ को उपबुँदा ४ र बुँदा ५ को ३ सँग सम्बन्धित

| क.सं. | निर्माण व्यवसायीको वर्ग | नयाँ इजाजतपत्र दस्तुर | इजाजतपत्र नवीकरण दस्तुर | इजाजतपत्र नवीकरण विलम्व दस्तुर (कार्तिक देखि असार सान्तभित्र) | इजाजत प्रतिलिपि दस्तुर | इजाजत नामसारी दस्तुर | इजाजत ठाउँसारी दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | “घ” | रु. ५,५००/- | रु. ५,०००/- | रु. १,०००/- | रु. ५००/- | रु. १,०००/- | रु. १,०००/- |

दृष्टव्य :

१. घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५.वमोजिम का दफा ३ को उपदफा (२) वमोजिम म्यादभित्र इजाजतपत्र नवीकरण गराउँदा इजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुर मात्र तिर्नुपर्नेछ ।

२. अनुसूची-२ वमोजिमको दररेट प्रत्येक वर्षको आर्थिक ऐनमा तोकिएमा सोही वमोजिम हुनेछ ।

## अनुसूची - ३

### कार्यविधि को दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३)सँग सम्वन्धित

### निर्माण व्यवसायी इजाजतपत्र

**इजाजतपत्र नं. ....................**

धरान उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धरान, सुनसरी

“घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी  कार्यविधि २०७४ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न .......................स्थित कार्यालय भएको ....................... फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएकोछ ।

घ बर्ग

इजाजतपत्र दिनेको :-

दस्तखत :-

नाम :-

पद :-

मिति :-

कार्यालय :-

**नवीकरण :**

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची-४

## निर्माण व्यवसायीबाट भएका सार्वजानिक निर्माण कार्यको अभिलेख विवरण (पासवुक)

| क. सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजानिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण(यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | (क)ठेक्का रकम<br>.................<br>(ख) सम्झौता मिति :<br>.................<br>(ग) ठेक्का अवधि<br>................. | (क) नाम :<br>.................<br>(ख) पद :<br>.................<br>(ग) हस्ताक्षर<br>.................<br>(घ) छाप<br>................. | (क)थप समय :<br>(क) नाम<br>...................<br>(ख) पद :<br>...................<br>(ग) हस्ताक्षर<br>...................<br>(घ)निर्णय मिति:<br>छाप<br>................... | (क) Variation पछिको Contract Amount<br>(क)Variation को निर्णय गर्ने पदाधिकारी को नाम<br>....................<br>(ख) पद :<br>....................<br>(ग) हस्ताक्षर<br>....................<br>(घ) छाप<br>.................... | (क)सम्पन्न रकम<br>.................<br>(ख) सम्पन्न मिति<br>.................<br>(ग) सम्पन्न %<br>.................<br>(घ) नाम<br>.................<br>पद :<br>.................<br>हस्ताक्षर<br>.................<br>छाप<br>................. | (क) अन्तिम ठेक्का रकम<br>..................<br>(ख) सम्पन्न मिति<br>..................<br>(ग) नाम<br>..................<br>पद :<br>..................<br>हस्ताक्षर<br>..................<br>छाप<br>.................. | |

# अनुसूची -५

## “घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशिन र उपकरण :
(क) ट्रिपर वा टयाक्टर (एक थान)
(ख) मिक्सर (एक थान)
(ग) Theodolite/Level Machine (एक सेट)
(घ) वाटर पम्प (तीन थान)
(ङ) भाइब्रेटर (तीन थान)

*द्रष्टव्य :*
१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बिमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल इन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल इन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल इन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

प्रमाणीकरण गर्नेः
दस्तखतः
नाम, थरः विनोद कुमार पोखरेल
पदः नि. प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७६।०८।१५